कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

वीरन्द्रनगर, सुर्खेत नेपाल

पत्र संख्या : २०७९/०८० मिति : २०७९/१०/०३

चलानी नं. :

विषय – जिल्ला छनौट गर्ने सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं. १७२ मिति २०७९/०९/२६ गतेको पत्रानुसार शिक्षक सेवा आयोगबाट निम्न माध्यमिक तह तृतीय श्रेणीमा कर्णाली प्रदेश अन्तर्गतका जिल्लाहरुमा स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुको **योग्यताक्रम अनुसार** रोजाइका आधारमा जिल्लामा नियुक्ति तथा पदस्थापना हुने भएकाले मिति २०७९/१०/०९ गते भित्र देहायको जिल्लागत तथा विषयगत माग दरबन्दीको अधिनमा रहि यसै साथ संलग्न ढाँचाको निवेदन भरी प्रवेशपत्रको प्रतिलिपि सहित (अनिवार्य जिल्लाको प्राथमिकताक्रम तोकी) यस निर्देशनालयमा जिल्ला रोज्ने फारम भरी पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। **redsurkhet@gmail.com** मा पनि निवेदन पठाउन सकिने छ। सम्पर्क नं. ९८४८०८८४५६ र ९८६६५३००७९

**जिल्लागत रिक्त दरबन्दीको विषयगत विवरण**

| क्र.सं. | जिल्ला | नेपाली | अंग्रेजी | सामाजिक | गणित/विज्ञान | गणित | विज्ञान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुकुम पश्चिम | १ | १ | ० | ० | १ | २ | |
| २ | सल्यान | ४ | २ | ३ | १ | ३ | ५ | |
| ३ | डोल्पा | २ | ३ | ३ | ३ | ३ | ४ | |
| ४ | जुम्ला | ० | २ | १ | २ | ० | १ | |
| ५ | मुगु | ८ | १० | २ | २ | २ | ५ | |
| ६ | हुम्ला | २ | ७ | २ | २ | ३ | १ | |
| ७ | कालिकोट | ४ | ५ | १ | २ | १ | ३ | |
| ८ | जाजरकोट | ४ | ५ | १ | ९ | ० | ० | |
| ९ | दैलेख | ४ | ५ | ० | ० | १ | ६ | |
| १० | सुर्खेत | ६ | ४ | २ | २ | १ | २ | |
| | जम्मा माग सँख्या | ३५ | ४४ | १५ | २३ | १५ | २९ | |
| | सिफारिस सँख्या | ३५ | ४१ | १५ | ६ | ९ | १७ | |

दीपक ज्ञवाली
नि. निर्देशक

श्रीमान  निर्देशकज्यू
शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश सुर्खेत ।

**विषयः जिल्ला छनौट सम्वन्धमा ।**

प्रस्तुत विषयमा शिक्षक सेवा आयोगबाट आ.व. २०७८/०७९ मा भएको निम्नमाध्यमिक तह खुला प्रतियोगितात्मक परीक्षामा सफल भई  शिक्षक सेवा आयोगको च.नं २७७, मिति २०७९।०९।१९ को सिफारिस बमोजिम कर्णाली प्रदेश अन्तर्गत देहायको तह श्रेणी र विषयमा नियूक्तिको लागि सिफारिस भएको र सो सम्बन्धमा यस निर्देशनालयबाट मिति २०७९।१०।०३ गते जारी भएको सूचना बमोजिम मलाई देहायको प्राथमिकता अनुसार नियूक्ति तथा सिफारिस गरीदिन हुन यो निवेदन पेश गरेको छु ।

**१. व्यक्तिगत विवरणः**

| | | |
|---|---|---|
| नाम थरः | स्थायी ठेगानाः | |
| नागरिकता नं. | नागरिकता जारी मितिः | जारी गर्ने जिल्लाः |
| शैक्षिक योग्यताः | बुवाको नाम थरः | बाजेको नामथरः |
| शैक्षिक योग्यताको विषयः | आमाको नाम थरः | |
| अध्ययन गरेको संस्थाः | मोवाइल  नं. | |

**२. सिफारिस सम्वन्धि विवरणः**

सिफारिस भएको तह/श्रेणीः   विषयः   रोल नं.:

सिफारिस समुह  (खुला,महिला, आ. ज., मधेशी, पिछे, अपाङ्ग र दलित)   योग्यता क्रम नं.:

**३. प्रदेश भित्रका जिल्ला छनौटको प्राथमिकता क्रमः**

| | | | | |
|---|---|---|---|---|
| १. | २. | ३. | ४. | ५. |
| ६. | ७. | ८. | ९. | १०. |

माथि उल्लेखित विवरण ठिक साँचो हो, झुटो भए कानुन बमोजिम सहुला बुझाउला ।

**निवेदकको नाम थरः**

दस्तखतः

औठा  छापः

दायाँ   बायाँ

# शिक्षक पदस्थापनका आधार तथा मार्गदर्शनः

## क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्ने कार्यहरुः

१) प्राथमिक तहको हकमा शिक्षक सेवा आयोगले गरेको जिल्लागत स्थायी नियुक्तिको सिफारिसलाई सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईलाई शिक्षक पदस्थापनाका आधार तथा मार्गदर्शनसहित पठाउने ।

२) निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा शिक्षक सेवा आयोगले गरेको स्थायी नियुक्तिको प्रदेशगत सिफारिस, पदस्थापनाका आधार, मार्गदर्शन एवम् जिल्लाको बिषयगत पदसंख्या सहितको विवरण प्रदेशस्थित शिक्षा विकास निर्देशनालयमा पठाउने ।

## ख) प्रदेशस्थित शिक्षा विकास निर्देशनालयले गर्ने कार्यहरुः

१) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त जिल्लाको बिषयगत पदसंख्या सहितको विवरण सार्वजनिक गरी निम्न माध्यमिक तथा माध्यमिक तहमा स्थायी नियुक्तिका लागि सिफारिस भएकालाई ७ दिनको समय तोकी जिल्ला रोज्न सूचना जारी गर्ने ।

२) विज्ञापित संख्याको अधिनमा योग्यताक्रम अनुसार रोजाइका आधारमा जिल्लागत विवरण तयार गरी नियुक्तिका लागि रोजाइको म्याद समाप्त मितिले बढिमा ५ दिनभित्रमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने ।

## ग) शिक्षा विकास तथा समन्वय इकाइले गर्ने कार्यहरुः

१) प्राथमिक तहको हकमाः

(क) स्थानीय तहगत रुपमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या सहितको सूची सार्वजनिक गरी सिफारिस भएका शिक्षकहरुलाई योग्यताक्रम समेतलाई ध्यानमा राखी स्थानीय तह रोज्न ७ दिनको समय दिइ सूचना जारी गर्ने ।

(ख) स्थायी नियुक्ति हुन सिफारिस भएकालाई बुदाँ (क) बमोजिमको स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या भित्रमा योग्यताक्रम अनुसार रोजाइको आधारमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि रोजाइको म्याद समाप्त मितिले बढिमा ५ दिनभित्रमा सम्बन्धित स्थानीय तहमा पठाउने ।

२) निम्न माध्यमिक तथा माध्यमिक तहको हकमाः

(क) स्थानीय तहगत रुपमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पदसंख्या सहितको सूची सार्वजनिक गरी प्रदेशस्थित शिक्षा विकास निर्देशनालयलबाट प्राप्त विवरणका अनुसार निम्न माध्यमिक तथा माध्यमिक तहमा स्थायी नियुक्तिका लागि सिफारिस भएकालाई स्थानीय तह रोज्न ७ दिनको समय दिइ सूचना जारी गर्ने ।

(ख) बुँदा (क) बमोजिम रोजाइको आधारमा स्थानीय तहभित्र विषयगत दरबन्दीमा कुनै प्रतिस्पर्धा नहुने अवस्था भएमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि सम्बन्धित स्थानीय तहमा पठाउने ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ग) बुंदा (क) बमोजिमको रोजाइमा प्रतिस्पर्धा रहेमा स्थायी नियुक्ति हुन सिफारिस भएकालाई बुदाँ (क) बमोजिमको स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पदसंख्या भित्रमा योग्यताक्रम अनुसार रोजाइको आधारमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि सम्बन्धित स्थानीय तहमा पठाउने ।

(घ) बुंदा (क) बमोजिमको रोजाइको म्याद समाप्त मितिले बढिमा ५ दिनभित्रमा स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि सम्बन्धित स्थानीय तहमा पठाउने ।

## घ) स्थानीय तहले गर्ने कार्यहरु:

(क) प्राथमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या र निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पदसंख्याका आधारमा पदस्थापन गर्नुपर्ने विद्यालयको सूची सार्वजनिक गरी शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति भई आएकालाई सिफारिस योग्यताक्रम समेतलाई ध्यानमा राखी देहाय बमोजिम पदस्थापन गर्ने ।

१. पदस्थापन गर्दा रिक्त दरबन्दीले अपुग भइ अस्थायी/करारका शिक्षक हट्नु पर्ने अवस्थामा सेवाको आधारमा कनिष्ठ अस्थायी शिक्षक हट्ने गरी व्यवस्था मिलाउने ।

२. क र ख श्रेणीको अपाङगता भएका तथा महिलाको हकमा प्राथमिकतामा राखी पदस्थापन गर्ने ।

(ख) शिक्षक पदस्थापनको कार्य ७ दिनभित्रमा पुरा गर्नुपर्नेछ ।

नोटः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेशस्थित शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहले माथि उल्लेख भएबमोजिमका पदस्थापनका आधार तथा मार्गदर्शनको प्रतिकूल नहुने गरी थप आधार तयार गरी पदस्थापनाको कार्यको कार्यान्वयन गर्न सक्नेछन् ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# शिक्षक सेवा आयोगबाट भएको विज्ञापनको प्रदेशस्तरीय तथा जिल्लास्तरीय पदसंख्या विवरण

| प्रदेश | जिल्ला कोड | जिल्ला | निम्नमाध्यमिक तह | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | अंग्रेजी | सामाजिक | गणित विज्ञान | गणित | विज्ञान | ऐच्छिक प्रथम | | | | | ऐच्छिक द्वितीय | जम्मा | कैफियत |
| | | | | | | | | | संस्कृत व्याकरण बनकाली | संस्कृत व्याकरण | शुक्ला यजुर्वेद | संस्कृत भाषा | संस्कृत कर्मकाण्ड | | | |
| कर्णाली प्रदेश | ५९ | रुकुम पश्चिम | 1 | 1 | 0 | 0 | 1 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 5 | |
| | ६० | सल्यान | 4 | 2 | 3 | 1 | 3 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 18 | |
| | ६१ | डोल्पा | 2 | 3 | 3 | 3 | 3 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 18 | |
| | ६२ | जुम्ला | 0 | 2 | 1 | 2 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 6 | |
| | ६३ | मुगु | 8 | 10 | 2 | 2 | 2 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 29 | |
| | ६४ | हुम्ला | 2 | 7 | 2 | 2 | 3 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 17 | |
| | ६५ | कालिकोट | 4 | 5 | 1 | 2 | 1 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 16 | |
| | ६६ | जाजरकोट | 4 | 5 | 1 | 9 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 19 | |
| | ६७ | दैलेख | 4 | 5 | 0 | 0 | 1 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 | 16 | |
| | ६८ | सुर्खेत | 6 | 4 | 2 | 2 | 1 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 17 | |
| | | जम्मा माग संख्या | 35 | 44 | 15 | 23 | 15 | 29 | 0 | 0 | 0 | 0 | 0 | 0 | 161 | |
| | | सिफारिस संख्या | 35 | 41 | 15 | 6 | 9 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 | 123 | |

चूडामणि पौडेल
महानिर्देशक